# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः १३ जून २०२५
## समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान गुजरातको अहमदाबाद सिभिल अस्पताल पुगेर एयर इन्डियाको विमान दुर्घटनाका घाइतेहरूलाई भेट्नु भयो।
- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्राथमिक पाठशालाका १२१ शिक्षकहरूले ठूलो राहत पाएका छन् ,सुधन गुरूङ अनि अन्यले दर्ता गरेको रिभ्यू पिटिशन कलकत्ता उच्च न्यायालयद्वारा खारेज गरिएको छ I
- पश्चिम बंगालमा हिन्दुहरुमाथि भैरहेको हमलालाई लिएर राज्यका भाजपा विधयकरुले विधानसभामा विपक्षी नेता सुमेंदु अधिकारीएको नेतृत्वमा राज्यपाल डा सीबी आनन्द बोससित भेट गर्नु भयो I
- सिलगढी भक्तिनगर पुलिसले नाबालिकासंग दुष्कर्म गरेको आरोपमा एक निजी शिक्षकलाई पक्राउ गरेको छ।
- मौसम विभागले आगामी शनिबार अनि आइतबार उत्तर बंगालमा भारी वर्षा हुन सक्ने अनुमान गरेको छ ।

**अहमदावाद दुर्घटना**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान गुजरातको अहमदाबाद सिभिल अस्पताल पुगेर एयर इन्डियाको विमान दुर्घटनाका घाइतेहरूलाई भेट्नु भयो। प्रधानमन्त्रीले सामाजिक सञ्जालमा एक पोस्ट गर्नु हुदै अहमदाबादमा भएको हवाई दुर्घटनाबाट सम्पूर्ण राष्ट्र स्तब्ध भएको बताउनु भयो । उहाले भन्नु भयो, यति धेरै मानिसहरूको हृदयविदारक तरिकाले अचानक मृत्यु हुनु धेरै दुःखद कुरो हो । उहाले शोक सन्तप्त परिवारहरूप्रति समवेदना व्यक्त गर्नु भयो । प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातका पूर्व मुख्यमन्त्री विजय रुपानीको निधनमा शोक व्यक्त गर्नु भएको छ। सामाजिक सञ्जालमा एक पोस्टमा, श्री मोदीले विजय रुपानीसँग काँधमा काँध मिलाएर काम गरेको बताउनु भएको छ I सिभिल अस्पतालको भ्रमणको क्रममा प्रधानमन्त्रीले दुर्घटनामा बाँचेका एक मात्र जीवित भारतीय मूलका ब्रिटिश नागरिक विश्वास कुमार रमेशलाई भेट्नु भयो। विश्वासले प्रधानमन्त्रीसँग दुर्घटनासँग सम्बन्धित आफ्ना अनुभवहरू साझा गर्नु भयो। श्री मोदीले दुर्घटना स्थलको पनि भ्रमण गर्नु भयो र त्यहाँ उद्धार कार्यमा संलग्न अधिकारीहरू र अन्यहरूलाई भेटेर स्थितिको जानकारी लिनु भयो। हाम्रो संवाददाताले रिपोर्ट गरे अनुसार,दुर्घटनामा मारिएकाहरूको शव पोस्टमार्टम पछि परिवारलाई हस्तान्तरण गरिदैछ । यसैबीच टाटा समुहले दुर्घटनामा ज्यान गुमाउने प्रत्यक मृतकको परिवारलाई एक एक करोड रुपिया प्रदान गर्ने र घाइतेहरुको उपचार खर्च बेहोर्ने घोषणा गरेको छ I चालक दलसहित विमानमा सवार २४१ जनाको मृत्यु भएको पुष्टि गरिएको छ भने अन्य स्रोतहरुले अस्पतालको भवन जसमाथि विमान खसेको थियो त्यो संख्यालाई जोडेर २६५ जनाको मृत्यु भइसकेकोबताएको छ I

**१२१ शिक्षक**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्राथमिक पाठशालाका १२१ शिक्षकहरूले ठूलो राहत पाएका छन् I सुधन गुरूङ अनि अन्यले दर्ता गरेको रिभ्यू पिटिशन कलकत्ता उच्च न्यायालयद्वारा खारेज गरिएको छ I गोर्खा प्राथमिक शिक्षक संगठनको पक्षमा सुधन गुरूङ एवं अन्यले १२१ जनाको नियुक्तिको वैधतामाथि चुनौती दिँदै यसभन्दा अघि पनि कलकत्ता उच्च न्यायालयमा मुद्दा दर्ता गरेका थिए। यस मुद्दामा १२१ शिक्षकहरूकै पक्षमा उच्च न्यायालयले फसेला सुनाएको थियो । त्यसपछि फेरी गुरूङले

मुद्दालाई कलकत्ता न्यायालयको जलपाइगढ़ी डिभिजन बेञ्चमा रिभ्यू पिटिशन दर्ता गरेका थिए भने आज यस मुद्दामाथि सुनवाई गर्दै जलपाइगढ़ी डिभिजन बेञ्चले रिभ्यू पिटिशन पनि खारेज गरिदिएको छ। **न्यायालयको यस फसेलापछि ठूलो राहत पाएका शिक्षकहरूको पक्षमा हिल तराई प्राइमेरी टिचर्स अर्गनाइजेशन कालेबुङ जिल्ला समितिका सचिव दिनेश महन्तले १२१ जना शिक्षकहरूलाई बधाई अनि शुभकामना दिनु भएको छ । यसबाहेक उहाले मुद्दाको शुरूवातदेखि शिक्षकहरूलाई सहयोग गरेवापत् जीटीए अनि राज्य सरकारलाई पनि १२१ शिक्षक शिक्षिकाहरूको पक्षमा आभार प्रकट गर्नु भएको छ ।**

**भाजपा – महेशतला**

पश्चिम बंगालमा हिन्दुहरुमाथि भैरहेको हमलालाई लिएर राज्यका भाजपा विधयकरुले विधानसभामा विपक्षी नेता सुमेंदु अधिकारीएको नेतृत्वमा राज्यपाल डा सीबी आनन्द बोससित भेट गर्नु भयो I राज्यपाल सित भेट गरेपछि मिडियालाई सम्बोधन गर्दै सुभेन्दु अधिकारीले भन्नु भयो,कोलकताको मेटियाब्रुजको महेशतलामा समुदाय विशेषले अल्पसंख्यक हिन्दुहरुमाथि गरेको हमला घर दोकान वहन तोडफोड लुटपाट र हमलाको पछाडी टीएमसीका अराजाक तत्वहरु सामेल रहेको बताउनु भयो I उहाले राज्यपाललाई एउटा ज्ञापन पत्र दिनु भयो, जसमा महेसतला हिंसाको निष्पक्ष तथा स्वतन्त्र एजेन्सीहरुसित जाच गराउने माग गरिएको छ I उहाले पश्चिम बंगालको पुलिसको भूमिका टीएमसीको टीम सरह भएकोमा राज्यपालसमक्ष गम्भीर चिन्ता व्यक्त गर्नु भएको छ I उहाले पुलिसको उपस्थितिमा मुस्लिम उपद्रवीहरुले हमला गरे तर पुलिसले उनीहरुलाई रोक्ने कुनै ठोस प्रयास नगरेको आरोप लगाउनु भयो I यद्धपि केही पुलिसहरुले उपद्रवीहरुलाई सेतो रुमाल देखाएर शान्तिको अपिल गरिरहेको चित्रहरु सामाजिक संजालमा भाइरल देखा परेकोले पनि पुलिस ममता व्यनार्जीको निर्देशमा काम गरिरहेको स्पष्ट हुने बताउनु भयो I

**सिलगढी-पक्राउ**

सिलगढी भक्तिनगर पुलिसले नाबालिकासंग दुष्कर्म गरेको आरोपमा एक निजी शिक्षकलाई पक्राउ गरेको छ। पक्राउ परेका निजी शिक्षकको नाम अमर दास हो। उनी सिलगढी नगर निगमको वार्ड नम्बर ४४ को लक्ष्मी कोलोनीका बासिन्दा हुन्। पीडित परिवारको आरोप अनुसार, उनको १३ वर्षीया छोरी पाँच कक्षादेखि नै अमर दासको घरमा ट्यूसन पढ्न गइरहेकी छिन्। अमर दासले विगत एक हप्तादेखि बालिकालाई अश्लील इशारा गर्दै आएका थिए। हिज ट्यूसन पढाएपछि अमर दासले सबै बालबालिकालाई निकालेर आफ्नी छोरीलाई रोकेर दुष्कर्म गरेको पीडित परिवारले आरोप लगाएको छ । घटनापछि बालिका घर पुगेर आफ्नी आमालाई सम्पूर्ण घटना सुनाए पछि पीडित परिवारको तर्फबाट भक्तिनगर पुलिस थानामा निजी शिक्षक अमर दास विरुद्ध मुद्दा दर्ता गरिएको थियो। त्यसपछि हिज अबेर राती आरोपी अमरलाई पक्राउ गरेको छ। पुलिसले थप कारबाही सुरु गरेको छ।

**खरसाङ- शिलान्यास**

खरसाङको पंखाबारी लङ्भ्यू अम्बटे समष्टि अन्तर्गत विभिन्न क्षेत्रमा हुने आठवटा विकासमूलक कार्यहरूको आज क्षेत्रीय सभासद कल्पना प्रधानको बाहुलीबाट गाडीधुरामा सामुहिक शिलान्यास गरिएको छ। विशेष गरी यस समष्टिको अम्बटे, गाडीधुरा, पंखाबारी, दुधे, मरियनबारी, बामनपोखरी, रोहिणी आदि क्षेत्रमा शौचालय अनि नालीहरू निर्माण कार्यको विधिवत् शिलान्यास गरियो। गाडीधुराको हाट क्षेत्रमा आयोजित शिलान्यास कार्यक्रमपछि पत्रकारहरूलाई सम्बोधन गर्नु हुदै सभासद कल्पना प्रधानले आज जिल्ला परिषदद्वारा प्राप्त समष्टिका आठवटा विकासमूलक कार्यहरूको यहाँ सामुहिक रूपमा शिलान्यास गरिएको बताउनु भयो ।

**चुंगथुंग- सडक उद्घाटन**

चुंगथुंग मारेबुंग समष्टि अन्तर्गत निम्न चुंगथुंगको नाली डाडादेखि बालुवाबास सम्म निर्माण गरिएको सडकको आज उद्घाटन गरिएको छ I स्थानीयवासीहरुको श्रमदान साथै इन्डियन गोर्खा जनशक्ति फ्रंडका प्रमुख संयोजक अजय एडवर्ड्सको सहयोगमा निर्माण भएको सडकको उद्घाटन अजय एडवर्ड्स र उनकी धर्मपत्नी श्रीमती प्रिया एडवर्ड्सको बाहुलीबाट गरियो।

लगभग तीन महिना अघिदेखि शुरु गरिएको सडक निर्माण कार्य पुरा भएपछि क्षेत्रमा हर्षको माहोल छाएको देखियो। सडक निर्माण कार्यमा आफुहरुलाई सहयोग गरेकोमा क्षेत्रवासीले श्री एडवार्डप्रति आभार प्रकट गरेका छन् ।

**गोजयुमो**

गोर्खा जनमुक्ति युवा मोर्चा केन्द्रिय समितिको तत्वधानमा युवा प्रतिनिधि टोलीलाई लिएर दार्जीलिंगको सिहमारी केन्द्रिय पार्टी कार्यालयमा एउटा महत्वपूर्ण सभा सोम टकभर समष्ठिका सभासद सुरज राईको अध्यक्षतामा सम्पन्न गरियो। सभामा चारैवटा महकुमा क्रमैले दार्जीलिंग, कालेबुङ खर्साङ अनि मिरिकका प्रतिनिधीहरुले संगठन विषय बस्तु अनि भविष्यमा संगठनको निम्ति युवा मोर्चाको कार्यक्रम के कस्तो हुन पर्छ भन्ने विषयमा आफ्नो आफ्नो तर्क राखेका थिए I सभामा वर्तमान दार्जीलिङ पहाडको राजनिति परिवेश, दार्जीलिङ पहाड तराई डुवर्सलाई लिएर वर्तमान केन्द्र सरकारको योजनाको विचारलाई ध्यानमा राखेर पहाड तराई डुवर्सलाई एकमुष्ठमा समेट्न जनमुक्ति युवा मोर्चाले पहल गर्ने योजना साथै यसै मुद्धा विषय लिएर दार्जीलिङका सांसद राजु बिष्ट अनि पश्चिम बङ्गालका भाजपाका शीर्ष नेतृत्वगणलाई भेट्ने कार्यक्रमहरूको प्रस्ताव गोजयुमोले मोर्चा अध्यक्ष बिमल गुरुङ समक्ष प्रस्तुत गरेको जानकारी प्राप्त भएको छ I

**मौसम**

मौसम विभागले आगामी शनिबार अनि आइतबार उत्तर बंगालमा भारी वर्षा हुन सक्ने अनुमान गरेको छ। शनिबार जलपाईगडी र अलिपुरद्वार जिल्लाहरूमा भारी वर्षाको चेतावनी जारी गरिएको छ। दार्जिलिङ, कालेबुंग र कुचबिहार जिल्लाहरूमा पनि भारी वर्षा हुन सक्ने विभागले जनाएको छ। यसरी नै आइतबार दार्जिलिङ, कालेबुंग, अलिपुरद्वार, कुचबिहार र जलपाईगडी जिल्लाहरूमा भारी वर्षाको चेतावनी जारी गरिएको छ।

****** ० ******